# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, जेठ २७ गते २०५४ साल (अतिरिक्ताङ्क ११ (ङ)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

राष्ट्रिय सभाका निर्वाचित सदस्यहरूमध्ये मिति २०५४।३।१२ मा पदावधि पूरा भई रिक्त हुने १२ (बाह्र) स्थानहरूमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) खण्ड (ख) को प्रयोजनको लागि एक जना महिला सदस्य समेत १२ (बाऱ्ह) जना राष्ट्रिय सभा सदस्यको निर्वाचनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ५ को उपदफा (१) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५४ साल असार १३ गतेको दिन बिहान ८.०० बजेदेखि अपराह्न ५.०० बजेसम्म मतदान हुने गरी मतदानको मिति र समय तोकेको छ ।

### सूचना २

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) को प्रयोजनको लागि एक जना महिला सदस्य समेत १२ (बाऱ्ह) जना राष्ट्रिय सभा सदस्यहरूको २०५४ साल असार १३ गते हुने निर्वाचनको प्रयोजनको लागि राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले संसद सचिवालयका महासचिव डा. श्री ईश्वरप्रसाद उपाध्यायलाई निर्वाचन अधिकृत नियुक्त गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४६ को उपधारा (१) को खण्ड (ख) बमोजिम मिति २०५४।३।१३ मा हुने १२ (बाह्र) जना राष्ट्रिय सभा सदस्यहरूको निर्वाचनको प्रयोजनको लागि निर्वाचन अधिकृतको कार्यालय संसद सचिवालयको भवनमा रहने गरी निर्वाचन आयोगले तोकेको छ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
६०८